नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(प्रदेश तथा स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८३/०८४

चलानी नं. ६९

मितिः २०८३/०५/०३

श्री गाउँपालिका (सबै),

श्री नगरपालिका (सबै)

विषयः प्रतिवेदन कार्यान्वयन सम्वन्धमा ।

प्रस्तुत विषयमा गृह मन्त्रालयको च.नं. २६१, मिति २०८३/०४/२८ को पत्रबाट गणेश नेपालीले आत्मदाह गरेको घटनाको छानबिन गर्न उच्च अदालतका पूर्व न्यायधीश श्री केशव प्रसाद बास्तोलाको संयोजकत्वमा गठित न्यायिक समितिले पेश गरेको प्रतिवेदनको कार्यान्वयन सम्बन्धमा उक्त प्रतिवेदनको ५.२ सिफारिस खण्डमा उल्लिखित स्थानीय तहको जिम्मेवारी अन्तर्गतका सिफारिसहरुको कार्यान्वयन गरी सोको प्रगति विवरण गृह मन्त्रालयको शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखामा उपलब्ध गराउने व्यवस्था मिलाउन सबै स्थानीय तहमा पत्राचारका लागि अनुरोध भई आएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प.सं. २०८३/०८४, च.नं. प्रा.स./४२१/७३५ मिति २०८३/०५/०१ को पत्र र प्रतिवेदनको छायाँप्रति यसै पत्रसाथ संलग्न गरी आवश्यक जानकारी तथा कार्यार्थ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(प्रकाश पन्थी)

शाखा अधिकृत

बोधार्थः

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
प्रादेशिक समन्वय, राष्ट्रिय सुरक्षा तथा कुटनीतिक मामिला शाखा ।

श्री सूचना प्रविधि शाखाः सबै स्थानीय तहमा ईमेलमार्फत पत्र प्रेषित गरी मन्त्रालयको वेबसाईटमा समेत अपलोड गरिदिनु हुन ।

सिंहदरबार, काठमाण्डौं    फोन नं.-४२००५११/४२००३०४
ईमेल:- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np
वेबसाईट:- www.mofaga.gov.np

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(प्रादेशिक समन्वय, राष्ट्रिय सुरक्षा तथा कुटनीतिक मामिला शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः- ०८३/८४
च.नं.:- प्रा.स./४२१/६३५

मितिः२०८३/५/१
ने.स.११४६

श्री भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

विषयः प्रतिवेदन कार्यान्वयन सम्बन्धमा ।

गृह मन्त्रालयको च.नं. २६१, मिति २०८३/४/२८ को पत्रबाट गणेश नेपालीले आत्मदह गरेको घटनाको छानबिन गर्न उच्च अदालतका पूर्व न्यायधीश श्री केशवप्रसाद बास्तोलाको संयोजकत्वमा गठित न्यायिक समितिले पेश गरेको प्रतिवेदनको कार्यान्वयन सम्बन्धमा उक्त प्रतिवेदनको ५.२ सिफारिस खण्डमा उल्लिखित स्थानीय तहहरूको जिम्मेवारी अन्तर्गतका सिफारिसहरुको कार्यान्वयन गरी सोको प्रगति विवरण गृह मन्त्रालयको शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखामा उपलब्ध गराउने व्यवस्था मिलाउन सबै स्थानीय तहहरूमा पत्राचारका लागि अनुरोध भइ आएकोले तदनुरुप गर्ने/गराउने व्यवस्था हुन प्राप्त पत्र तथा प्रतिवेदनको छाँयाप्रति यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(दीपक शर्मा)
शाखा अधिकृत

- [ ] कर्मचारी प्रशासन महाशाखा
- [ ] भूमि व्यवस्थापन महाशाखा
- [x] सङ्घीय मामिला महाशाखा
- [ ] योजना तथा अनुगमन महाशाखा
- [ ] प्रशासन सुधार महाशाखा
- [ ] कानून महाशाखा

फोन नं.: ०१-४२११२०८
०१-४२११२१४
इमेल: control@moha.gov.np
mohacontrolroom@gmail.com

नेपाल सरकार

# गृह मन्त्रालय

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

अत्यन्त जरुरी

गोप्य

पत्र संख्याः- शा.सु. ०८३/०८४/३
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- २६१

सिंहदरवार,
काठमाडौं, नेपाल ।

मितिः २०८३।०४।२८
नेपाल संवत् ११४६

विषयः- प्रतिवेदन कार्यान्वयन सम्बन्धमा।

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरवार।

प्रस्तुत विषयमा तहाँ कार्यालयको च.नं. म.बै./३२१/५०४ मिति २०८३।०४।२० को पत्रबाट *"गणेश नेपालीले आत्मदाह गरेको घटनाको छानबिन गर्न उच्च अदालतका पूर्व न्यायाधीश श्री केशवप्रसाद बास्तोलाको संयोजकत्वमा गठित न्यायिक समितिले पेश गरेको प्रतिवेदन कार्यान्वयन गर्ने।"* भनी लेखी आएको विषयमा उक्त प्रतिवेदनको **परिच्छेद-५ समिति निष्कर्ष र सिफारिस खण्डको ५.२ सिफारिसमा** उल्लिखित विषयहरू प्रदेश सरकारहरूसँग समेत सम्बन्धित भएकोले कार्यान्वयन गरी यस मन्त्रालयमा प्रगति विवरण पठाउने प्रयोजनार्थ तहाँ मार्फत ७ वटै प्रदेशहरूमा पत्राचार गरी दिनुहुन मिति २०८३।०४।२८ को (मा. मन्त्रीस्तरीय) निर्णयानुसार सादर अनुरोध छ।

संलग्नः

१. न्यायिक समितिले पेश गरेको प्रतिवेदनको **परिच्छेद-५ समिति निष्कर्ष र सिफारिस खण्डको ५.२ सिफारिस।**

२. सिफारिस कार्यान्वयनसँग सम्बन्धित निकायहरूको सूची।

(संगम सापकोटा)
शाखा अधिकृत

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय / मामिला सचिवालय
दर्ता नं. ३६८
मितिः २०८३।४।२९

## ५.२ सिफारिस

### ५.२.१ घटनाका सम्बन्धमा समितिको सिफारिस

१. गणेश नेपालीले आफ्नो शरिरमा पेट्रोल छर्किई आगो सल्काई घाईते भएको र निजको उपचारको क्रममा वीर अस्पतालमा मृत्यु भएको भन्ने देखिएको स्थितिमा जुनसुकै कारणबाट आत्मसंयम गुमाई आफै आगो सल्काई मृत्युबरण गर्ने व्यक्तिका हकमा सहिद घोषणा गर्न मिल्ने नीतिगत व्यवस्थाको अभावमा नेपाल सरकार र निजको परिवारका सदस्यसमेत बीचमा भएको सहमतिपत्रमा उल्लेख सहिद घोषणाका सम्बन्धमा प्रचलित कानुन र विगतको अभ्यास समेतलाई विचार गरी नेपाल सरकारबाटै उपयुक्त निर्णय हुन सिफारिस गरिएको छ।

२. प्रस्तुत घटना हुनुमा तत्कालिक कारकको रुपमा रहेका नगर प्रहरी जवान मिना नगरकोटी र नेपाल प्रहरीका प्रहरी हवल्दार विकास वुढाथोकीलाई निजहरु सम्वद्ध निकायबाटै छानबिन गरी निजहरुको कसुरको अवस्था हेरी विभागीय कारवाही हुन सिफारिस गरिएको छ।

३. गणेश नेपालीका परिवारसंग भएको सम्झौता बमोजिम मृतकको अन्तिम संस्कार (सद्गत) का लागि आवश्यक पर्ने सम्पूर्ण व्यवस्था तथा काठमाडौंमा गरिने काजक्रियाको आवश्यक व्यवस्थापन जिल्ला प्रशासन कार्यालय काठमाण्डौका प्रमुख जिल्ला अधिकारीको समन्वयमा काठमाडौं महानगरपालिकाबाट मिलाइको, पीडित परिवार तथा आफन्तजनको तर्फबाट मृतकको शव बुझिलिने, शव परीक्षण (पोष्टमार्टम) लगायतका कानुनी प्रक्रियामा पूर्ण सहयोग भई र सहजीकरण गरी सद्गत गर्न जिम्मा लिइ सकिएको, र मृतकका एकाघरका परिवारजनको आतेजाते (यातायात) खर्च एवम् काठमाडौंमा काजक्रिया अवधिभर रहँदा-बस्दा हुने सम्पूर्ण खर्चको प्रवन्ध समेत काठमाडौं महानगरपालिकाले व्यहोरेको देखिएकोले यी विषयमा कुनै व्यहोरा उल्लेख गर्नु पर्ने अवस्था नभएपनि सहमति पत्रको बुँदा नं ४ मा उल्लिखित काठमाडौं महानगरपालिकाको कार्यपालिका बैठकको निर्णयानुसार मृतककी श्रीमतीलाई निजको योग्यता तथा क्षमताका आधारमा रोजगारी सुनिश्चित गरिने, मृतककी छोरीको उच्च शिक्षासम्मको अध्ययनका लागि काठमाडौं महानगरपालिकाबाट सम्पूर्ण खर्च समेतको आवश्यक प्रबन्ध मिलाइने यस कार्यका लागि नेपाल सरकारका सम्बन्धित निकायहरूले समन्वय गर्ने विषय, बुँदा नं ५ मा उल्लिखित मृतकका आश्रित परिवारलाई राहतस्वरूप यथोचित रकम उपलब्ध गराउने विषय र बुँदा नं ९ मा उल्लिखित पीडित परिवारका एकाघरका परिवारको स्वास्थ्य विमाको व्यवस्था मलाउने सम्बन्धमा निर्णय भई सकेको नदेखिएकोले यी विषयहरुमा सम्बद्ध निकायबाट सिघ्र निर्णय हुने व्यवस्था गरी सोको जानकारी मृतक गणेश नेपालीका परिवारका सदस्यलाई दिन यो समिति सिफारिस गर्दछ।

## ५.२.२ भविष्यमा अवलम्बन गर्नुपर्ने उपायका सम्बन्धमा समितिको सिफारिस

(क) आत्मदाह/आत्महत्या न्यूनीकरणका लागि अवलम्बन गरिनु पर्ने उपायका सम्बन्धमा समितिको राय सुझाव निम्न बमोजिम रहेको छः-

१. यसमा व्यक्ति स्वयंको भूमिका महत्वपूर्ण हुने भएकोले आफ्नो भावनालाई दबाएर नराखी तनाव, निराशा वा अत्याधिक दुःख हुँदा समेत विश्वासिलो व्यक्तिसँग खुल्ने वातावरणको निर्माण गर्न प्रोत्साहन हुने खालका कार्यक्रमहरु स्थानीय तह मार्फत टोल टोलमा संचालन गर्ने व्यवस्था मिलाउने।

२. स्वस्थ जीवनशैली अपनाउन व्यक्तिगत समस्यालाई समाधान खोज्न सकिने चुनौतीका रूपमा हेर्ने अभ्यास गर्न लगाउन, समस्यालाई उजागर गर्ने सुन्ने र बुझ्ने वातावरण तयार गर्न, परिवारका सदस्यमा देखिएको अनौठो व्यवहार वा मनोदशा वा असामान्य परिवर्तनलाई समयमै ख्याल गर्ने परिपाटीको विकास गर्न, एक अर्काबीचको भावनात्मक सम्मान र समझदारीको विकास गर्न, सामाजिक विभेद र दुर्व्यवहार रोक्न, मानसिक स्वास्थ्यप्रतिको नकारात्मक धारणा हटाउन, समस्यामा परेको व्यक्तिलाई दोषको सट्टामा सहयोग गर्ने संस्कृतिको विकास गर्न, स्थानीय स्तरमा परामर्श तथा सहयोग अभिवृद्धि गर्न समेतका लागि अभिमुखि कार्यक्रम संचालन गर्ने।

३. प्रत्येक अस्पतालमा मनोवैज्ञानिक वा मनोचिकित्सकको सेवा सहज रुपमा उपलब्ध हुने आवश्यक व्यवस्था गर्ने।

४. विपन्न र आर्थिक रुपमा असक्षम पक्षलाई स्थानीयस्तरमा प्रत्यक्ष रुपमा लाभ प्राप्त हुने किसिमका रचनात्मक कार्यक्रमहरु संचालन गर्ने।

५. विद्यालय र कार्यस्थलमा मानसिक स्वास्थ्यसम्बन्धी कार्यक्रमलाई प्रोत्साहन गर्ने।

६. सञ्चारमाध्यम र सामाजिक सञ्जालमा आत्मदाह/आत्महत्या गर्नेले वहादुरी गरेको भावमा सूचना संप्रेषण गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने।

७. मानसिक तनाव वा समस्यामा परेको व्यक्तिले सहज रुपमा सल्लाह र सहयोग पाउने प्रणालीको विकास गर्ने।

(ख) जलनको समस्या र उपचारको अवस्थाका सम्बन्धमा समितिको राय सुझाव निम्न बमोजिम रहेको छः

जलन उपचार सेवालाई प्रभावकारी, पहुँचयोग्य र व्यवस्थित तुल्याउनु आजको आवश्यकता हो। नेपालमा जलन (Burn) को समस्या र यसको उपचार प्रणालीलाई सुधार्न सबै प्रदेशमा सघन उपचार सेवाको विस्तार, स्वास्थ्यकर्मीलाई विशेष तालिम र जनचेतना अभिवृद्धि गर्नु नै मुख्य आवश्यकता हो। जलनका घटना काठमाण्डौमा मात्र नभई सुदुर ग्रामीण क्षेत्रमा समेत यस्तो घटना हुने तर विशेषज्ञ सेवा मुख्यतः काठमाडौं

उपत्यकामै केन्द्रित रहेकाले ती दुर्गम क्षेत्रका बिरामीले समयमै उपचार पाउन नसकी ज्यान गुमाउनुपर्ने वा अपाङ्गता भोग्नुपर्ने बाध्यतालाई चिर्नु जरूरी छ। त्यसैले एकीकृत उपचार मापदण्ड लागू गरी जलनको वर्तमान अवस्था र यसको उपचार प्रणालीमा सुधार ल्याउन निम्न बमोजिमका नीतिगत, व्यावहारिक र व्यवस्थापकीय उपायहरू अपनाउन उपयुक्त हुने देखिन्छः

१. गुणस्तरीय उपचारका लागि विकेन्द्रीत प्रविधियुक्त पूर्वाधारको विकास

- **वीर अस्पतालको क्षमता विस्तारः** केन्द्रीयस्तरमा वीर अस्पतालमा कम्तिमा दक्षिण एसियास्तरको सुविधा सम्पन्न बर्न युनिट स्थापनाका लागि सो अस्पतालले पेश गरेको यसै प्रतिवेदनको अनुसूचीमा समावेश भएको प्रस्तावलाई मनन गरी सो प्रस्ताव कार्यान्वयन हुने अवस्था सिर्जना गरिनु वान्छनीय देखिन्छ।
- **हरेक प्रदेशमा बर्न अस्पतालको व्यवस्थाः** जलनको सघन उपचार सेवालाई काठमाण्डौ भन्दा बाहिर समेत विस्तार गर्न कम्तीमा प्रत्येक प्रदेशका प्रादेशिक अस्पतालमा सुविधासम्पन्न आईसीयू (ICU) सहितको बर्न युनिट वा आर्थिक रुपमा सम्भव भए अलग्गै वर्न अस्पताल स्थापना गरिनुपर्दछ।
- **जिल्ला अस्पतालहरुको क्षमता अभिवृद्धिः** प्रत्येक जिल्ला अस्पतालमा जलनको प्राथमिक उपचार हुने किसिमबाट ती अस्पतालहरुको क्षमता विस्तार हुनु आवश्यक छ।
- **विशेषज्ञ जनशक्ति र उपकरणः** जलन सम्बन्धी विशेषज्ञ चिकित्सक खासगरी Plastic Surgeons, तालिम प्राप्त नर्स र फिजियोथेरापिष्टको दरबन्दी सिर्जना गरी प्रत्येक जिल्ला अस्पतालहरूमा पठाउनुपर्छ।

२. स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धि र तालिम

- **प्राथमिक उपचारका लागि तालिमः** दुर्घटना हुनासाथ सही रुपमा प्राथमिक उपचार उपलब्ध गराउन स्थानीय स्वास्थ्य संस्था, एम्बुलेन्स सेवा र जिल्ला अस्पतालका स्वास्थ्यकर्मीहरूलाई जलन व्यवस्थापन सम्बन्धी विशेष तालिम दिईनु पर्दछ।
- **सहज कार्यविधि र उपचार प्रोटोकलः** जलन उपचार सेवा मुलुक भरमा एकरूपले संचालन गर्न र सो क्रममा वैज्ञानिक अभ्यास सुनिश्चित गर्न स्वास्थ्य मन्त्रालयले यस सम्बन्धी कार्यविधि र उपचार प्रोटोकल बनाई त्यसलाई कडाइका साथ लागू गर्नुपर्छ।

३. प्रभावकारी रेफरल प्रणालीको विकास

- रेफरल प्रणालीको सुदृढीकरण: स्थानीय, प्रदेश र संघीय तहका अस्पतालहरूबीच जलन उपचारको स्पष्ट सञ्जाल बनाई जटिल बिरामीलाई समयमै कीर्तिपुर अस्पताल वा वीर अस्पताल जस्ता केन्द्रीय बर्न सेन्टरमा रेफर गर्ने संयन्त्रलाई सुदृढ बनाइनु पर्दछ।

- टेलिमेडिसिनको प्रयोग: ग्रामीण क्षेत्रका चिकित्सकहरूले जटिल जलनका बिरामीको प्राथमिक व्यवस्थापन गर्दा काठमाडौंका विशेषज्ञहरूसँग तत्काल परामर्श लिन सक्ने प्रविधिको विकास गरिनु पर्दछ।

४. सेवाप्रदायक स्वास्थ्य संस्था र उपचारमा संलग्न रहनुपर्ने चिकित्सक तथा अन्य सहकर्मी तथा घाईते/ पिडिताका आफन्त वा परिवारजनका विचमा समन्वयात्मक सम्बन्ध स्थापित गरि पिडितको परिवारले सहि उपचार पाईरहेको विश्वास गर्न सक्ने वातावरणको विकास गर्नुपर्ने।

५. स्वास्थ्य बिमा र निःशुल्क उपचारको दायरा विस्तार

- स्वास्थ्य बीमा: जलनको उपचार निकै लामो, झन्झटिलो र खर्चिलो हुने भएकाले यसलाई स्वास्थ्य बीमाको दायरा भित्र समेट्नु उपयुक्त हुन्छ।

- निःशुल्क आकस्मिक सेवा: सरकारी अस्पतालमा जलनको निःशुल्क वा सहुलियतपूर्ण प्रारम्भिक र सघन उपचारको व्यवस्था गरिनु पर्दछ।

६. जनचेतना र रोकथामका उपायहरू

- समुदायस्तरमा सचेतना: जलनको अवस्था हुन नदिन विद्यालय र स्थानीय तहको संयुक्त प्रयासमा यसको रोकथामका लागि अभियान संचालन गरिनु पर्दछ।

- प्राथमिक उपचारको सही ज्ञान: जलन हुनासाथ "सफा र चिसो पानी खन्याउने" जस्ता सही प्राथमिक उपचारबारे आम नागरिकलाई सचेत तुल्याउन समुदायस्तरमा विशेष कार्यक्रम संचालन गरिनु पर्दछ।

- मनोसामाजिक परामर्श: जलनका कारण शारीरिक रूपमा मात्र नभई मानसिक रूपमा पनि गम्भीर असर पर्ने हुँदा बिरामी र तिनका परिवारका लागि अस्पतालहरूमा मनोसामाजिक परामर्शको समुचित व्यवस्था गरिनु पर्दछ।

- स्थानीयतहलाई सक्रिय तुल्याउने: नेपाल सरकारले अघि सारेको नीतिगत प्रयासहरूलाई स्थानीय तहले अपनत्व ग्रहण गरी कार्यान्वयन गर्न ती तहहरूलाई क्रियाशिल तुल्याउनु पर्दछ।

(ग) ट्राफिक व्यवस्थापनको सुधारका लागि यस समितिको देहाय बमोजिमको सुझाव रहेको छ:-

१. ट्राफिक नियम पालनाको संस्कृतिको विकासका लागि प्राथमिकताका साथ नागरिक सचेतना अभियान संचालन गर्नुपर्ने।
२. ट्राफिक नियम र नागरिकको दायित्व लगायतका विषयलाई विद्यालयस्तरको पाठ्यक्रममा समावेश गर्दै नियमित अध्ययन अध्यापन हुने स्थिति सिर्जना गरी नैतिक शिक्षालाई प्रवर्द्धन गर्नुपर्ने।
३. ट्राफिक तथा नगर प्रहरीले कानूनको पालना गराउँदा सम्मानजनक, आदरपूर्ण एवं पारदर्शी व्यवहार प्रदर्शित गर्न लगाउन निजहरुलाई पर्याप्त तालिमको व्यवस्था गर्नुपर्ने।
४. ट्राफिक तथा नगर प्रहरीको व्यवहार प्रति कुनै गुनासो भए वा ट्राफिक नियमको उल्लंघन गरेको भनी आफु कारवाहीमा पर्न लागेकै अवस्थामा वा कारवाहीमा परेकै अवस्थामा पनि सो उपर सहज रुपमा गुनासो पोख्ने वा पुनरावेदन गर्न पाउने संयन्त्र (ट्राफिक अदालत)को विकास गर्नुपर्ने ।
५. ट्राफिक तथा नगर प्रहरीले कारबाही गर्नुपर्ने बाध्यात्मक अवस्थामा पनि गल्तीको प्रकृति र गल्ति गर्ने व्यक्तिको आर्थिक पक्ष समेतलाई विचार गर्न सक्ने गरी निजहरुलाई लचिलो अधिकार सहितको कानूनी प्रवन्ध गर्नुपर्ने।
६. सडक सुरक्षा, मार्किङ्ग, पार्किङ्ग लगायत संभारको समुचित व्यवस्थाका अतिरिक्त ट्राफिक व्यवस्थापनको सहजिकरणका लागि आधुनिक प्रविधियुक्त स्रोत र साधनको समुचित व्यवस्था गर्नुपर्ने।
७. पार्किङ्ग गर्न नमिल्ने ठाउँमा पर्याप्त प्रकाश भएको स्थानमा नो पार्किङ्गको वोर्ड सबैले देख्ने गरी राख्ने व्यवस्था गरिनु पर्ने।
८. ट्राफिक नियम उल्लंघन भए नभएको चेकजाँच गर्न सवारी अधिक चाप हुने क्षेत्रमा आधुनिक प्रविधियुक्त Surveillance and Monitoring System जडान गरी फेसलेस ट्राफिक व्यस्थापन प्रणाली लागु गर्नुपर्ने।
९. सवारी साधन, सवारी चालक अनुमतिपत्र र ट्राफिक नियम उल्लघंन रेकर्ड सिस्टमकाबीच तादात्म्यताको लागि प्रणाली विकास गरी सम्बन्धित व्यक्तिलाई स्वत: ट्राफिक नियम उल्लघंन र सो वापतको हुने जरिवनाको जानकारी SMS द्वारा हुने प्रविधिको विकास गरी कार्यान्वयन गर्नुपर्ने।

१०. जरिवानालाई ट्राफिक व्यवस्थापनको मूल उद्देश्यको रुपमा नलिई यो वाध्यात्मक अवस्थामा गरिएको कारवाहीको परिणाम हो भन्ने सम्बन्धित व्यक्तिलाई अनुभूति हुने गरी निजको विश्वास आर्जन गर्ने पद्दतीको रुपमा विकास गर्नुपर्ने।

११. ट्राफिक तथा नगर प्रहरी र सडक प्रयोगकर्ताको बीचमा विश्वास, सम्मान र सहकार्य हुने गरी आवश्यक नीतिगत र व्यवहारिक पद्दतीको विकास गर्नुपर्ने।

१२. चालक अनुमतिपत्रको वितरण प्रणालीमा थप सुधार गरी नयाँ अनुमतिपत्र वाहकलाई पर्याप्त प्रारम्भिक प्रशिक्षणको प्रवन्ध गरिनु पर्ने।

१३. नीतिगत सुधार अन्तरगत ट्राफिक व्यवस्थापन सम्वन्धी ट्राफिक प्रहरी र नगर प्रहरी बीचमा दोहोरो अधिकार क्षेत्रमा पुनरावलोकन गरी सम्बन्धित कानूनमा सुधार गर्नुपर्ने।

१४. व्लु वुक चालक अनुमतिपत्र र राष्ट्रिय परिचयपत्र एक अर्कामा आवद्ध हुने प्रणालीको विकास गरी एकिकृत तथ्याङ्क प्रणालीको विकास गरिनु पर्ने।

१५. सडक सुरक्षा र ट्राफिक व्यवस्थापनलाई प्रभावकारी तुल्याउन सडक सुरक्षा ऐनको तर्जुमा गरी सवारी तथा यातायात व्यवस्था ऐन २०४९ लाई समसामयिक रुपमा तत्कालै संशोधन गरिनु पर्ने।

(घ) राइड शेयरिङ्ग सेवाको व्यवस्थापनका सम्बन्धमा समितिको पेश गरेको सुझाव

१. स्पष्ट नीति र कानुनः स्पष्ट कानुन र मापदण्डको अभावमा सञ्चालनमा रहेको राइड शेयरिङ्ग सेवालाई व्यवस्थित गर्नका लागि नीतिगत स्पष्टता सहितको एकीकृत राइड सेयरिङ कानुन तर्जुमा गरी लागु गरिनु पर्दछ।

२. ट्राफिक व्यवस्थापनमा सहज हुने गरी सेवा संचालनः यो सेवाको कारणले कतिपय सडक क्षेत्रको ट्राफिक व्यवस्थापनमा चुनौती दिएको अवस्था हुँदा यात्रु चढाउने र ओराल्ने लगायत पार्किङ्गको यथोचित व्यवस्था गरी ट्राफिक व्यवस्थापनमा सहज हुने गरी सेवा संचालन गरिनु पर्दछ।

३. चालक र यात्रुको सुरक्षाः चालक र यात्रु दुवैको सुरक्षा सुनिश्चित गर्न विमाको अनिवार्यता, चालकको दर्ता र आपतकालिन संदेश संवाहक प्रणालीको विकास गर्नु आवश्यक देखिन्छ।

४. वैज्ञानिक मापदण्डका आधारमा भाडादर कायम तथा मुद्दतीः सेवा प्रदायक र उपभोक्ता दुवैको सन्तुष्टी हुने गरी यथासम्भव भाडादर वैज्ञानिक र एकरुपको हुने गरी सीमा सीमा निर्धारण गरिनु उपयुक्त देखिन्छ। साथै भाडा रकम भुक्तानी डिजिटल प्रणालीबाट गर्न सकिने व्यवस्था गर्न उचित देखिन्छ।

५. दर्ता र करः राइड सेयरिङ कम्पनी लगायत सेवा प्रवाह गर्ने चालकको दर्ता प्रक्रियालाई व्यवस्थित तुल्याई यो सेवालाई दोहोरो मारमा नपर्ने गरी करको दायरामा ल्याईनु पर्दछ।

६. गुनासो व्यवस्थापनः सेवा प्रदायक संस्था, चालक र यात्रुबाट आउने सक्ने गुनासोको सिघ्र सम्बोधनका लागि आवश्यक व्यवस्था मिलाइनु पर्दछ।

अन्त्यमा,

नेपाल सरकारले गणेश नेपालीको मृत्युका सम्बन्धमा तत्यतथ्य छानबिन गर्न गठन गरेको समितिमा रहेर छोटो समयमा सो घटनाको समग्रपक्षलाई हेरी विश्लेषण गरी रायसुझाव सहितको प्रतिवेदन पेश गर्न हामी समितिका पदाधिकारीलाई विश्वास गरी यो अवसर प्रदान गरेकोमा नेपाल सरकार प्रति यो समिति हार्दिक आभार प्रकट गर्दछ।

धन्यवाद।

| क्र.सं. | ५.२.१ घटनाका सम्बन्धमा समितिको सिफारिस | सिफारिस कार्यान्वयनसँग सम्बन्धित निकाय |
|---|---|---|
| १ | बुँदा नं.२ | काठमाडौं महानगरपालिका, नेपाल प्रहरी |
| | बुँदा नं.३ | स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, काठमाडौं महानगरपालिका |
| २ | ५.२.२ भविष्यमा अवलम्बन गर्नुपर्ने उपायका सम्बन्धमा समितिको सीफारिस | |
| | आत्मदाह/आत्महत्या न्यूनीकरणका लागि अवलम्वन गरिनु पर्ने उपायका सम्बन्धमा | |
| | (क)१. | स्थानीय तह सबै |
| | (क)२. | स्थानीय तह सबै |
| | (क)३. | स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय |
| | (क)४. | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र स्थानीय तह सबै |
| | (क)५. | युवा, श्रम तथा रोजगार मन्त्रालय, शिक्षा तथा खेलकुद मन्त्रालय र स्थानीय तह सबै |
| | (क)६. | सूचना तथा सञ्चार मन्त्रालय, स्थानीय तह सबै र नेपाल प्रहरी |
| | (क)७. | स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय र स्थानीय तह सबै |
| | जलनको समस्या र उपचारको अवस्थाका सम्बन्धमा | |
| | (ख)१. | स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय र प्रदेश सरकार |
| | (ख)२. | स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह सबै |
| | (ख)३. | स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह सबै |
| | (ख)४. | स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह सबै |
| | (ख)५. | स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह सबै |
| | (ख)६. | स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, शिक्षा तथा खेलकुद मन्त्रालय र स्थानीय तह सबै |
| | ट्राफिक व्यवस्थापनको सुधारका सम्बन्धमा | |
| | (ग)१. | नेपाल प्रहरी |
| | (ग)२. | शिक्षा तथा खेलकुद मन्त्रालय र स्थानीय तह सबै |
| | (ग)३. | नेपाल प्रहरी र स्थानीय तह सबै |
| | (ग)४. | नेपाल प्रहरी |
| | (ग)५. | पूर्वाधार विकास मन्त्रालय, स्थानीय तह सबै र नेपाल प्रहरी |
| | (ग)६. | पूर्वाधार विकास मन्त्रालय र नेपाल प्रहरी |

| | | |
|---|---|---|
| | (ग)७. | |
| | (ग)८. | नेपाल प्रहरी र स्थानीय तह सबै |
| | (ग)९. | नेपाल प्रहरी |
| | (ग)१०. | पूर्वाधार विकास मन्त्रालय, प्रदेश सरकार र नेपाल प्रहरी |
| | (ग)११. | नेपाल प्रहरी |
| | (ग)१२. | नेपाल प्रहरी र स्थानीय तह सबै |
| | | प्रदेश सरकार |
| | (ग)१३. | पूर्वाधार विकास मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय र स्थानीय तह सबै |
| | (ग)१४. | प्रदेश सरकार र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग |
| | (ग)१५. | पूर्वाधार विकास मन्त्रालय र नेपाल प्रहरी |
| | **राइड शेयरिङ्ग सेवाको व्यवस्थापनका सम्बन्धमा** | |
| | (घ)१. | पूर्वाधार विकास मन्त्रालय र प्रदेश सरकार |
| | (घ)२. | नेपाल प्रहरी र स्थानीय तह सबै |
| | (घ)३. | पूर्वाधार विकास मन्त्रालय, प्रदेश सरकार र नेपाल प्रहरी |
| | (घ)४. | पूर्वाधार विकास मन्त्रालय र प्रदेश सरकार |
| | (घ)५. | पूर्वाधार विकास मन्त्रालय र प्रदेश सरकार |
| | (घ)६. | पूर्वाधार विकास मन्त्रालय, प्रदेश सरकार र नेपाल प्रहरी |